नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)**
सिंहदरबार ,
काठमाण्डौ, नेपाल।

visit nepal 2020 Lifetime Experiences

पत्रसंख्याः०७७/७८(सा.स.सा.सु)च.नं. १०९

मितिः२०७७/११/१४

विषयः विद्यालयमा गुनासो पेटिका राख्ने सम्वन्धमा ।

श्री स्थानीय तह, सबै

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०७७/११/०३, च. नं. १३२ र १३५ को पत्रबाट व्यहोरा अवगत गर्नुभई गुनासो सुनुवाई कार्यविधि, २०७४ ( संशोधन २०७७ सहित ) अनुसार आफ्नो स्थानीय तहभित्रका सबै विद्यालयहरुमा विद्यार्थीहरुको गुनासो सुनुवाई व्यवस्थित गर्न अनिवार्य रुपमा गुनासो पेटिका राख्ने र एकजना शिक्षक ( सम्भव भएसम्म महिला शिक्षक) लाई लैंगिक सम्पर्क विन्दु तोक्ने जस्ता प्रावधानहरुको कार्यान्वयन गर्ने गराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

**वोधार्थ**

श्री सूचना प्रविधि शाखा - सबै स्थानीय तहलाई इमेल गरिदिनुहुन ।

०७७/११/१४

सुभद्रा सुवेदी
शाखा अधिकृत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(...........................................शाखा)

पत्र संख्या :- ०७७/७८
चलानी नं. :- ९३५

सानोठिमी, भक्तपुर
मितिः २०७७/११/०३

विषय: आवश्यक निर्देशन दिनुहुन।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

दर्ता नं.:- ६०७०
मिति:- २०७७।११।१२

प्रस्तुत विषयमा पछिल्ला दिनहरुमा पत्रपत्रिका तथा सञ्चार माध्यममा विद्यालय उमेरका बालबालिकाहरुमाथि यौन दुर्व्यवहार, शोषण, तथा लैङ्गिक हिंसाका समाचारहरु निरन्तर रुपमा प्रकाशित भइरहेको सन्दर्भमा यस केन्द्रको गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता गतिविधिलाई निरुत्साहित गरी विद्यालय हाताभित्र तथा विद्यालयबाहिर विद्यार्थीमाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार, शोषण, मानसिक तथा शारीरिक दण्डसजाय तथा लैङ्गिक हिंसा न्युनीकरण गर्न गुनासो सुनुवाई कार्यविधि, २०७४ (संशोधन २०७७ सहित) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा कार्यान्वयनमा ल्याइएको छ । उक्त कार्यविधि अनुसार सबै स्थानीय तहभित्रका विद्यालयहरुमा विद्यार्थीहरुको गुनासो सुनुवाइ व्यवस्थित गर्न अनिवार्य रुपमा गुनासो पेटिका राख्ने र एकजना शिक्षक (सम्भव भएसम्म महिला शिक्षक) लाई लैङ्गिक सम्पर्क विन्दु तोक्ने व्यवस्थाका लागि सबै स्थानीय तहहरुमा पत्राचार गरिदिनुहुन अनुरोध छ ।

....................................
बैकुण्ठ प्रसाद अर्याल
महानिर्देशक

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos.com.np